जायज देखिए पनि, परिस्थितिवश त्यो लाभदायक नहुन सक्छ। कुनै आफैमा उचित भए पनि, त्यो उन्नति गराउने नहुन सक्छ।

यसको अर्थ— विश्वासीको निर्णय केवल “यो गर्न पाइन्छ कि पाइँदैन?” भन्ने प्रश्नमा मात्र सीमित हुँदैन। निजले निम्न आत्मिक जाँचहरू पनि गर्नुपर्छ—

के यसले मण्डलीको उन्नति गर्छ?

के यसले मेरो गवाहीलाई बलियो बनाउँछ?

के यसले अरूलाई ख्रीष्टतर्फ डोऱ्याउँछ?

के यसले नयाँ विश्वासीहरूलाई असल नमुना प्रस्तुत गर्छ?

के यसले परमेश्वरको महिमा गर्छ?

यदि यी सबको उत्तर नकारात्मक छन् भने, विश्वासी जनले उक्त व्यापार केवल आफैमा उचित भएको आधारमा मात्र त्यस्तो काम गर्न रोज्नु बुद्धिमानी हुँदैन। हो, हामी वचनभित्र रहेर जे गर्न पनि स्वतन्त्र छौँ। यति मात्र होसियार होऔँ कि हाम्रो “यो स्वतन्त्रता कमजोरहरूका निम्ति कहीं ठेस लाग्ने कारण हुन जाला!” (१ कोरिन्थी ८:६)।

### ८. निष्कर्ष

बोधिचित्तको रूख परमेश्वरको सृष्टि हो। तर यसको व्यापारिक मूल्य मुख्यतः बौद्ध धर्मको धार्मिक माला बनाउन प्रयोग हुने बीउमा आधारित छ। त्यसैले परमेश्वरका सन्तानहरूले यस विषयलाई केवल आर्थिक अवसरको रूपमा होइन, आफ्नो विवेकको शुद्धता, आफ्नो गवाही र बाइबलीय सिद्धान्तको प्रकाशमा विचार गर्नुपर्छ। यदि हाम्रो खेती, हाम्रो व्यापार वा हाम्रो श्रमले मानिसहरूलाई मूर्तिपूजाको सामग्री उपलब्ध गराउँछ भने, त्यस्तो कामबाट अलग रहनु नै विश्वासीहरूको निम्ति बुद्धिमानी र परमेश्वरप्रति विश्वासयोग्य निर्णय हुनेछ। हामी संसारमा नाफा कमाउन बोलाइएका होइनौँ। हामी प्रभु येशू ख्रीष्टको गवाही दिन बोलाइएका हौँ।

हाम्रो मूल उद्देश्य प्रभु येशू ख्रीष्टको महिमा गर्नु हो। त्यसैले पवित्र आत्माको प्रेरणामा पावलले लेखेको यो वचन हाम्रो प्रत्येक निर्णयको आधार बनोस्— “यसकारण चाहे तिमीहरू खाओ, चाहे पिओ, चाहे तिमीहरू जेसुकै गर, सबै कुराहरू परमेश्वरकै महिमाका निम्ति गर! तिमीहरूले ठेस नखुवाओ, न यहूदीहरूलाई, न ग्रीकहरूलाई, न ता परमेश्वरको मण्डलीलाई” (१ कोरिन्थी १०:३१, ३२)।

- प्रज्वल कार्की

द्रष्टव्य: यस लेखको उद्देश्य कुनै व्यक्ति वा समुदायप्रति घृणा फैलाउनु होइन। यसको उद्देश्य ख्रीष्टियन विश्वासीहरूलाई आफ्ना व्यवसायिक निर्णयहरू बाइबलका सिद्धान्तहरूको प्रकाशमा विवेकपूर्वक विचार गर्न सहायता गर्नु हो।

साभार:
https://frtc.gov.np/uploads/files/Booklet_Bodhichitta_English%20version%20(1)(1)(1).pdf
https://journalajaees.com/index.php/AJAEES/article/view/628
https://www.ratopati.com/story/304485
https://pmc.ncbi.nlm.nih.gov/articles/PMC13174917/



# प्रेममा साँचो बोल्दै

भोल्यूम १ "प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म बढौं, जो शिर हुनुहुन्छ" - एफेसी ४:१५ अंक २६

**विशेषाङ्क**

## ख्रीष्टियन र बोधिचित्तको खेती

### १. परिचय

आजकल नेपालका धेरै ठाउँमा बोधिचित्त नामको रूखको खेती तीव्र रूपमा बढिरहेको छ। यसको मुख्य कारण यसको फलभित्र रहेको कडा बीउ हो। यही बीउबाट माला बनाई विशेष गरी बौद्ध धर्ममा मन्त्र जप, साधना र धार्मिक अभ्यासका लागि प्रयोग गरिन्छ। यसको व्यापारिक मूल्य धेरै भएकाले धेरै किसानहरू यसको खेतीतर्फ आकर्षित भएका छन्। काभ्रेको तिमाल क्षेत्रमा मात्र बिरुवा पाइने यो रूख बयर प्रजातिको एक प्रकारको हल्का काँडा हुने रूख हो। अनुसन्धानहरूका अनुसार यसको बीउको मुख्य बजार नै बौद्ध धर्म मान्नेहरू हुन्। उनीहरूका निम्ति यो मालाको धार्मिक महत्त्व छ। रुद्राक्षसँग यो धेरै हदसम्म मिल्दोजुल्दो छ। जसरी हिन्दू धर्मावलम्बीहरूले रुद्राक्षको माला प्रयोग गर्छन्, त्यसैको समानतामा बौद्ध धर्मावलम्बीहरूले बोधिचित्तको माला प्रयोग गर्छन्। तसर्थ, यो बौद्ध धार्मिक माला हो, र विशेष गरी चीन तथा तिब्बती बौद्ध समुदायमा यसको ठूलो माग छ। तीबाहेक जापान, कोरिया, थाइल्यान्ड, भिएतनाम, मकाउ, ताइवान आदि जस्ता बौद्ध धर्मावलम्बीहरू धेरै भएका देशहरूमा पनि यसको अत्यधिक माग छ।



बोधिचित्त शब्द संस्कृतको “बोधि” (ज्ञान वा जागरण) र “चित्त” (मन) बाट बनेको हो। यसको एउटा वैज्ञानिक नाम “जिजिपस बुद्धेन्सिस” (*Ziziphus Budhensis*) हो। यसलाई सामान्य बोलिचालीको भाषामा “बुद्धचित्त” पनि भनिन्छ। बौद्ध धर्ममा “बोधिचित्त” अत्यन्तै महत्त्वपूर्ण आध्यात्मिक अवधारणा हो, र यही नामबाट चिनिने यस रूखको बीउलाई प्रार्थना (वा जप) गर्ने मालाका रूपमा प्रयोग गरिन्छ।

हाम्रो मूल प्रश्न यो हो: के कुनै धार्मिक पूजा गर्न र मन्त्र जप्न प्रयोग गर्ने मूल उद्देश्य भएको रूखको व्यावसायिक खेती गर्नु एक ख्रीष्टियनको निम्ति उचित हुन्छ?

### २. रूख रोप्नु आफैंमा पाप होइन।

सबैभन्दा पहिले एउटा कुरा बुझ्नुपर्छ। रूख आफैंमा पापपूर्ण छैन र कुनै रूख रोप्नु आफैंमा पाप होइन। सबै रूखहरू परमेश्वरले सृष्टि गर्नुभएको हो (उत्पत्ति १)। बोधिचित्तको रूख पनि परमेश्वरको सृष्टिकै एक भाग हो। त्यसैले रूखलाई नै खराब भन्न मिल्दैन। समस्या रूखमा होइन। समस्या त्यसको प्रयोगमा हुन्छ। बोधिचित्तको खेती एउटा सामान्य कृषि मात्र हो भनेर भ्रममा पर्नु हुँदैन। यसको उद्देश्य एउटा धर्मको अभ्यासका लागि सामान उत्पादन गर्नु हो।

### ३. बोधिचित्तको मुख्य व्यापारिक उद्देश्य के हो?

कुनै पनि खेतीको उद्देश्य बुझ्नुपर्छ। धान रोपिन्छ खानका लागि। आलु रोपिन्छ खानका लागि। कफी रोपिन्छ पिउनका लागि। तर बोधिचित्तको व्यापारिक खेतीको मुख्य उद्देश्य नै बौद्ध धर्मावलम्बीहरूको

© 2026 WORDOFTRUTH.COM.NP

निम्ति जप गर्ने माला बनाउनु हो। यही कारण उनीहरूका बीचमा यसको माग धेरै भएकोले यसको मूल्य पनि धेरै नै निर्धारण हुन पुगेको छ। यसको अर्थ, यदि कसैले यसको व्यापारिक खेती गर्छ भने उसले अन्ततः त्यही धार्मिक प्रयोगका लागि चाहिने सामान उपलब्ध गराइरहेको हुन्छ। उसले यसको माग उच्च भएको होस्; धेरैले यो प्रयोग गरेको होस् भनेर इच्छा गरिरहेको हुन्छ।

## ४. विश्वासीजनको मूर्तिसँग के सम्बन्छ?

परमेश्वरले इस्राएललाई दिनुभएको दस आज्ञाको सूचीमा उहाँले मूर्तिको सामु दण्डवत् गर्ने र मूर्ति बनाउने दुवै नै उत्तिकै दोषी छन् भनेर बताउनुभएको छ (प्रस्थान २०:४-५)। त्यसैले, बाइबलले मूर्ति पूजा गर्नेहरूलाई मात्र होइन, मूर्ति निर्माण गर्नेहरूको मूर्खतालाई पनि दोष्याउँदछ।

बाइबलले स्पष्ट भन्छ— "मूर्तिपूजादेखि भाग" (१ कोरिन्थी १०:१४)।

परमेश्वरले केवल मूर्तिलाई दण्डवत् नगर मात्र भन्नुभएन। उहाँले मूर्तिपूजासँग सम्बन्धित सबै कामकुराहरूबाट अलग रहन पनि आज्ञा दिनुभयो।

अर्को ठाउँमा लेखिएको छ— "अविश्वासीहरूसँग समान भएर एउटै जुवामा ननारिओ...अनि परमेश्वरको मन्दिरको मूर्तिहरूसँग के सम्बन्ध?" (२ कोरिन्थी ६:१४–१६)। अनि, "दुष्टताको हरेक रूपबाट अलग बस!" (१ थेस्सलोनिकी ५:२२)



मानौं कसैले बोधिचित्तका बीउहरू उत्पादन गरिरहेको छ। उसलाई थाहा छ— यी बीउहरू माला बन्छन्। त्यो माला मन्त्र जप्न प्रयोग हुन्छ; धार्मिक पूजा-अर्चनामा प्रयोग हुन्छ। उसले भन्ला — म आफैंले पूजा गरेको होइन। अनि, त्यस्तो धार्मिक विधिका लागि चाहिने सामग्री हुने रूख फलाउँदैमा के म त्यस कार्यमा सहभागी नै भइरहेको छु त? जवाफ हो— अवश्य पनि! उदाहरणका लागि — यदि कसैले मूर्ति बनाउँछ, अर्कोले त्यसलाई बेच्छ, अर्कोले त्यसलाई मन्दिरसम्म पुऱ्याउँछ, हरेकले त्यसबाट केही न केही नाफा कमाउँछ, अनि अन्तिम व्यक्तिले त्यसलाई पूजा गर्छ। यहाँ, यी सबैको भूमिका फरक-फरक भए पनि अन्तिम उद्देश्य एउटै छ— मूर्तिपूजा! यही कारणले बाइबलमा "मूर्तिपूजादेखि भाग" मात्र होइन, "अनि अन्धकारका निष्फल कामहरूसँग सङ्गति नगर" (एफिसी ५:११) पनि लेखिएको छ।

अर्को प्रश्न उठ्ला— मान्छेहरूले धान चामल फलाउँछन्। अनि, चामल त मन्दिरमा चढाउन र टीका लगाउन पनि प्रयोग गर्छन्; त्यसो भए विश्वासी जनले धान पनि फलाउनु हुँदैन त? यहाँ हामीले कुनै पनि सामानको उत्पादनको मूल उद्देश्यलाई विचार गर्नुपर्छ। उदाहरणका लागि: किसानले धान बेच्छ, र कसैकसैले त्यो चामल मन्दिरमा चढाउन पनि सक्छ। तर किसानको खेतीको मुख्य उद्देश्य मन्दिरलाई सामग्री उपलब्ध गराउनु कदापि पनि होइन। तर यदि कसैले विशेष रूपमा पूजा-अर्चना वा मन्त्र जपका लागि प्रयोग हुने वस्तु नै उत्पादन गर्छ भने यो चाहिँ एउटा फरक परिस्थिति हुन पुग्छ। यही भिन्नता बुझ्नु अत्यन्त आवश्यक छ।

प्रेरित १६ मा एफेससको डेमेट्रियस नाम गरेको एकजना सुनारलाई विचार गरौं। एफेससमा अर्टेमिसको विश्वप्रसिद्ध मन्दिर थियो। डेमेट्रियसले अर्टेमिसका चाँदीका थानहरू बनाएर बेच्थ्यो र धेरै कमाइ गर्थ्यो (प्रेरित १६:२४)। यो चाहिँ उसको धेरै पैसा कमाउने एउटा व्यापार वा "धन्दा" नै थियो (२५ पद)। ध्यान दिनुहोस्— ऊ आफैंले पूजा गराउँदैनथ्यो; ऊ मन्दिरको कुनै पूजाहारी पनि थिएन। उसले त झूटो देवताको लागि मूर्ति बनाउने काम मात्र गर्थ्यो। पावलको सुसमाचारको सेवाको कारणले जब उसको व्यापार घट्यो, ऊ रिसायो। उसले विद्रोह मच्चायो। किन? किनभने उसको आम्दानी ठप्प भयो। झूटमा बसालिएको व्यापार सत्यताको सामु खडा रहन सकेन। डेमेट्रियसको व्यापार र अर्टेमिसको पूजा एकअर्काबाट छुट्टिन नसक्ने गरी जोडिएको थियो। उसले के चाहन्थ्यो? धेरैभन्दा धेरैले अर्टेमिसको पूजा गरून्। किन? ताकि उसको व्यापार प्रशस्त हुन सकोस्। बोधिचित्तका उत्पादकहरूले पनि यस्तै कामना गरेका हुन्छन्। विश्वासी जनले यस्तो कामना गर्नु भनेको मूर्तिसँग सहभागी हुनु हो। अर्थात्, एउटै थैलो र नाफा-घाटामा पार्टनर हुनु झैं हो।

प्रभुको यो प्रेममय अर्तीलाई ध्यान दिनुहोस्: "हे साना नानीहरूहो, आफूलाई मूर्तिहरूबाट जोगाइराख। आमेन!" (१ यूहन्ना ५:२१)

अनी यो पनि: "तर म भन्दछु, जुन चीजहरू अन्यजातिहरूले बलि चढाउँछन्, ती चीजहरू तिनीहरूले परमेश्वरलाई होइन, तर दुष्ट आत्माहरूलाई नै चढाउँछन्; र तिमीहरू दुष्ट आत्माहरूसित सहभागी होओ भन्ने म चाहँदिनँ। तिमीहरूले प्रभुको कचौराबाट, साथै दुष्ट आत्माहरूको कचौराबाट पिउन सक्दैनौ; तिमीहरूले प्रभुको टेबलबाट, साथै दुष्ट आत्माहरूको टेबलबाट भाग लिन सक्दैनौ।" (१ कोरिन्थी १०:२०-२१)

## ५. के धन नै ठूलो कुरा हो?

कतिपयले भन्छन्— "यसबाट धेरै पैसा आउँछ।" यो संसारको सोच्ने शैली हो— सफलता, धन, आम्दानी उसका निर्णयका आधारहरू हुन्। यी तीनै कुरा आफैंमा पाप होइनन्। तर यदि यिनले परमेश्वरको धार्मिकतालाई सम्झौता गराउन खोज्छन् भने ख्रीष्टिय जनले पैसालाई होइन, परमेश्वरको इच्छालाई केन्द्रमा राखेर निर्णय गर्नुपर्छ। यदि धेरै आम्दानी हुने कुनै पनि काम परमेश्वरको इच्छाविपरीत छ भने त्यसलाई परित्याग गर्नु नै परमेश्वरप्रतिको पहिलो प्रेमको प्रमाण हो र निजको विश्वासयोग्यताको गवाही हो। परमेश्वरको असल सन्तानले धन र परमेश्वरको बीचमा रोज्नुपर्दा जहिल्यै पनि परमेश्वरको पक्षमा खडा हुन जान्छ किनभने मानिसले धन र परमेश्वर दुवैको सेवा गर्न सक्दैन (मत्ती ६:२४)। धनको पक्ष लिएर लाखौं नै कमाए तापनि प्रभु येशूले भन्नुभएको यो वचनलाई ध्यान दिनुहोस्—"किनकि मानिसले सारा संसार प्राप्त गरे तापनि आफ्नो आत्मालाई चाहिँ गुमायो भने त्यसलाई के फाइदा भयो?" (मत्ती १६:२६)। तसर्थ, निर्णयहरू गर्दा धन नै सबैभन्दा ठूलो आधार हुनु हुँदैन।

कसैले भन्ला, "व्यापार त व्यापार हो।" तर ख्रीष्टियनको दृष्टिकोणमा व्यापार नै जीवनको मूल खाँबो होइन। हामी व्यापारीभन्दा पहिले परमेश्वरका सेवक हौं। यदि कुनै पनि व्यापार परमेश्वरको इच्छाको विरुद्धमा छ भने, विश्वासीको हकमा त्यहाँ व्यापार परिवर्तन हुनुपर्छ— परमेश्वरको इच्छा होइन। परमेश्वरको स्याबासी अनाज्ञाकारिताबाट आएको ठूलो नाफाभन्दा मूल्यवान् हुन्छ।

## ६. हाम्रो गवाही कस्तो हुन्छ?

गाउँका मानिसहरूले देख्छन्— "त्यो ख्रीष्टियनले बोधिचित्त रोपेको छ।" उनीहरूले सोच्न सक्छन्— "ख्रीष्टियनहरूले पनि यसलाई राम्रो ठान्नेछन्।" यसरी हाम्रो कामले अविश्वासीहरूलाई भ्रममा पार्न सक्छ। उहाँका राजदूतहरूको रूपमा हामीले आफ्नो जीवनबाट मानिसहरूलाई ख्रीष्टतर्फ डोऱ्याउनुपर्छ (२ कोरिन्थी ५:२०)।

नयाँ विश्वासीहरूका लागि पनि नमुना ठीक हुँदैन। उसले भन्छ, "पुराना विश्वासीहरूले पनि यस्तो काम गर्दा रहेछन्। यसमा कुनै समस्या रहेनछ।" यसरी हाम्रो नमुनाले नयाँ विश्वासीहरूलाई भ्रममा पार्न सक्छ। मूर्तिहरूसँग सम्बन्धित कुराहरू (जस्तैः न्वारन, व्रतबन्ध इत्यादिमा सहभागी हुने विषयमा) मा ठेस खुवाउन सक्छ।

## ७. ख्रीष्टियन स्वतन्त्रता के हो? के होइन?

कतिपयले १ कोरिन्थी १०:२३ उद्धृत गर्छन्— "सबै कुराहरू मेरा निम्ति उचित ता छन्..." तर उनीहरूले त्यस पदको दोस्रो भागलाई बिर्सन्छन्। किनभने दोस्रो भागमा पावलले तुरुन्तै लेखेका छन्— "तर सबै कुराहरू फाइदा दिने हुँदैनन्; ... तर सबै कुराले उन्नति गर्दैनन्।" अर्थात्, कुनै कुरा आफैमा उचित वा